नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति

## नागरिक वडापत्र

| क्र.सं. | सेवा किसिम | सेवाग्राहीले पुऱ्याउनुपर्ने प्रक्रिया र प्रमाण | सेवा शुल्क |
|---|---|---|---|
| १ | **गुम्बा/विहार दर्ता गर्न चाहिने कागजातहरु**<br><br>**(नियम ८(२) सँग सम्बन्धित)** | • गुम्बा/विहार दर्ता तथा प्रमुख लामा नियुक्ति गर्ने सम्बन्धमा गुम्बा व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>• प्रमुख लामा र गुम्बा व्यवस्थापन समितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपी,<br>• दर्ताको निम्ति न.पा. भए वडाको र गा.वि.स. भए गा.वि.स.बाट गुम्बा/विहारको अवस्थिति खुल्ने गरी चार किल्ला खुलाई गरेको सिफारिश-पत्र सक्कलै प्रति,<br>• गुम्बा/विहारको सम्पूर्ण सम्पत्तिको विवरण कार्यालयबाट उपलब्ध फारममा भरी न.पा. भए वडाले र गा.वि.स. भए गा.वि.स.ले प्रमाणित गर्नुपर्ने,<br>• गुम्बा/विहारको चारै दिशाबाट देखिने र मूर्तिहरुको स्पष्ट वस्तुस्थिति झल्कने फोटोहरु,<br>• गुम्बा/विहारसँग सम्बन्धित लालमोहर, सनदपत्र, इस्तीहार, गुठी आदि भए सो कागजातको प्रमाणित प्रतिलिपी,<br>• गुम्बा/विहार निर्माण भएको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी वा सार्वजनिक जग्गामा गुम्बा निर्माण भएको भए सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिको सिफारिश-पत्र, | रु.१००।- |
| २ | **आर्थिक सहयोगका लागि चाहिने आवश्यक कागजातहरु (नियम २० (२) सँग सम्बन्धित)** | • गुम्बा/विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>• कार्यालयबाट उपलब्ध माग फाराम भरी न.पा. भए सम्बन्धित वडाको र गा.वि.स. भए गा.वि.स.को प्रमाणित गर्नुपर्ने,<br>• नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिशको सक्कलै प्रति ।<br>• प्राप्त सहयोग रकम उपयोग गर्ने योजना तथा कार्यक्रमको विवरण,<br>• लगत इष्टिमेट तथा नक्शाको प्रमाणित प्रतिलिपी,<br>• गुम्बा/विहार दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,<br>• गुम्बा/विहारको स्पष्ट वस्तुस्थिति झल्कने हालसालै खिचिएका फोटोहरु । | |
| ३ | **पेश्की फछ्र्यौट सम्बन्धमा (नियम २२ सँग सम्बन्धित)** | • पेश्की फछ्र्यौट गरी पाउँ भन्ने निवेदन,<br>• मूल्याङ्कन/नापी किताब, डोर हाजिर फारम,<br>• सम्बन्धित जिल्ला स्वीकृत दररेट,<br>• निर्माण कार्य भए कार्यसम्पन्न भएको प्रतिवेदन,<br>• खर्च रकमको सम्पूर्ण बिल भरपाई । | निःशुल्क |
| ४ | **दर्ता प्रमाण-पत्र प्रतिलिपी लिने बारे** | • प्रमाणपत्रको प्रतिलिपी पाउँ भन्ने निवेदन तथा गुम्बा/विहार दर्ता पत्रको प्रतिलिपी ।<br>• व्यवस्थापन समितिको बैठकले प्रमाणपत्रको प्रतिलिपी निकाल्ने बारे गरेको निर्णयको प्रमाणित प्रतिलिपी, | रु.५०।- |
| ५ | **गुम्बाको ठाउँसारी सम्बन्धमा**<br><br>**नियम १२ (२) सँग सम्बन्धित** | • गुम्बा/विहार सार्नु पर्नाको कारण खुलाउने निवेदन,<br>• गुम्बा/विहारको ठाउँसारी गर्ने सम्बन्धमा गुम्बा र विहारको निर्माण तथा व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>• नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश-पत्रको सक्कलै प्रति,<br>• गुम्बा/विहार दर्ता प्रमाण-पत्रको प्रतिलिपि । | रु.५०।- |
| ६ | **गुम्बाको प्रमुख लामा फेर्ने सम्बन्धमा**<br><br>**नियम २७ सँग सम्बन्धित** | • प्रमुख लामा फेरी पाउँ भन्ने निवेदन,<br>• गुम्बा/विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>• नयाँ नियुक्त हुने प्रमुख लामा, भिक्षुको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,<br>• नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश-पत्रको सक्कलै प्रति,<br>• नयाँ नियुक्त हुनु पूर्व कार्यरत प्रमुख लामा, भिक्षुको राजीनामा वा सहमति-पत्रको सक्कलैप्रति वा निजको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाण-पत्रको प्रतिलिपि । | रु.५०।- |
| ७ | **गुम्बाको नाम परिवर्तन सम्बन्धमा**<br><br>**नियम १३ सँग सम्बन्धित** | • गुम्बा/विहारको नाम परिवर्तनको कारण सहितको निवेदन,<br>• गुम्बा/विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपी,<br>• नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश पत्रको सक्कलै प्रति ।<br>• गुम्बा दर्ताको प्रमाणपत्रको सक्कलैप्रति । | रु.५०।- |
| ८ | **लामालाई आवश्यक सिफारिस बारे**<br><br>**नियम ३५ सँग सम्बन्धित** | • गा.वि.स.ले प्रमाणित गरी पठाएको पत्र संलग्न रहेको गुम्बा/विहारको व्यवस्थापन समितिको सिफारिस/अनुरोध पत्र,<br>• उक्त गुम्बाको लामा हो भन्ने न.पा. भए वडाको र गा.वि.स. भए गा.वि.स. को सिफारिस पत्रको सक्कलैप्रति,<br>• लामाको नागरिकताको र पासपोर्टको प्रमाणित प्रतिलिपी ।<br>• कुनै देशले निमन्त्रणा गरेको भए निमन्त्रणा पत्रको प्रतिलिपि । | रु.१००।- |
| ९ | **गुम्बा शिक्षा अनुदानको लागि चाहिने आवश्यक कागजातहरु**<br><br>**नियम २१ सँग सम्बन्धित** | • गुम्बा/विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।<br>• नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिशको सक्कलै प्रति ।<br>• लागत अनुमानको प्रमाणित प्रतिलिपि ।<br>• गुम्बा/विहार दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।<br>• गुम्बा/विहारशिक्षा सञ्चालन गर्नको लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालयवाट प्राप्त भएको स्वीकृति-पत्रको प्रमाणित प्रतिलिपि ।<br>• गुम्बा/विहार शिक्षा अध्ययन भईरहेको देखिने प्रमाणित फोटोहरु । | |
| १० | **दर्ता नविकरण**<br><br>**नियम १७(२) सँग सम्बन्धित** | • समितिमा दर्ता भएको प्रमाण-पत्रको सक्कलै प्रति,<br>• गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>• गुम्बा र विहारको आय तथा व्यय लेखापरीक्षकबाट लेखापरीक्षण गराएको आर्थिक प्रतिवेदनको प्रमाणित प्रतिलिपि,<br>• गुम्बा र विहारले वार्षिक रुपमा गरेको कार्यहरुको गतिविधिहरु सहितको प्रतिवेदनको प्रमाणित प्रतिलिपि । | रु.५०।- |